

# समथर भूभाग

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# समथर भूभाग

नताशा भिजकारा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| समथल भनेको के हो ? | ५ |
| मानिस र समथल | ६ |
| समथर भूभाग कसरी बन्छन् ? | ७ |
| संसारका प्रख्यात समथल | १० |
| शब्द अर्थ | १८ |




## समथल भनेको के हो ?

वरिपरि हेर । के तिमी समथर भूभागमा बस्छौ ? सायद तिमी तराईमा बस्छौ । समथल भनेको सम्म परेको भूभाग हो ।



# मानिस र समथल

संसारभरि धेरै मानिसहरू समथलमा बसोबास गर्दछन् । किनकि यहाँको सम्म परेको घर, भवन र सडक बनाउन सजिलो हुन्छ ।



## समथर भूभाग कसरी बन्दछन् ?

पर्वतबाट पानी वा हिउँ तल बग्दा तिनले माटो, ढुङ्गा र धुलोका कणहरू बोकेर लैजान्छन् । समयसँगै ती कणहरू स्थिर भएर रहन्छन् । जमिनमा यो क्रम फैलँदै जाँदा समथर भूभाग बन्दछ ।



कहिलेकाहीँ पृथ्वीको सतहमुनिबाट लाभाका रूपमा पग्लिएका चट्टानहरू माथि रसाउँछन् । लाभा फैलन्छ । यो जमिनमा फैलँदै जाँदा समथर भूभाग बन्छन् ।



जब एउटा नदी एकबाट अर्को किनार हुँदै बग्दछ, त्यसले एउटा उपत्यका फैलाउन सक्दछ । समथर भूभाग नबन्दासम्म यसले फैलावट गरिरहन सक्दछ ।





# संसारका प्रख्यात समथल

पृथ्वीका सबैभन्दा पुरानामध्येको एक सभ्यता समथर भूभागमा बसेको थियो ।



इजिप्टको पिरामिड निर्माण गर्ने मानिसहरू नाइल नदीनजिकको समथर भूभागमा बस्थे ।







यो समथर भूभागको माटो धेरै उब्जाउ थियो । त्यसैले, इजिप्सियनहरू धेरैथरी बाली लगाउन सक्षम थिए, जसले हजारौँ वर्षसम्म तिनका जनतालाई खाना खुवायो ।







सेरेनगेटी प्लेन केन्यादेखि तान्जिनियासम्म फैलिएको छ । यो सुन्दर दृश्यावली र वन्यजन्तुको सम्पन्नताका लागि प्रख्यात छ । सेरेनगेटी ३० हजार किलोमिटरभन्दा बढीमा फैलिएको छ ।



लाखौँ जनावरहरूले सेरेनगेटीमा बास पाएका छन् । सिंह, जेब्रा र जिराफ सेरेनगेटीको मैदानमा पाइन्छन् ।







अझ हुँडार, हात्ती र अफ्रिकी बारसिङ्गेहरू पनि सेरेनगेटीको मैदानमा बस्दछन् ।










अर्जेन्टिना, उरुग्वे र ब्राजिलमा फैलिएको **द पम्पाज** समथर भूभागको नाम स्थानीय क्युचुआ इन्डियन शब्दबाट राखिएको हो, जसको अर्थ 'समथल' भन्ने हुन्छ । यसले ७ लाख ५० हजार किलो मिटरको क्षेत्र ढाक्छ ।





रुसमा पश्चिमी साइबेरियाको मैदानी भूभाग उत्तरदेखि दक्षिणसम्म २४ सय किलोमिटर र पश्चिमदेखि पूर्वसम्म १८ सय किलो मिटरमा फैलिएको छ । यो संसारका ठुला मैदानी भूभागमध्ये एक हो ।





# शब्द अर्थ

**उब्जाउ** - निकै धेरै बोट बिरुवा वा रुखहरू उत्पादन गर्न सक्षम

**लाभा** - ज्वालामुखीबाट निस्कने पग्लिएको चट्टान

**पग्लिएको** - ठोस वस्तु एकदमै तातेर तरल बनेको ।

**उपत्यका** - दुई वा बढी पर्वत वा पहाडको बिचको चौडा भूभाग

# पाठकका निम्ति प्रश्नहरू

१. समथर भूभागलाई व्याख्या गर्ने सबैभन्दा उपयुक्त विशेषण के हो ?

२. समथर भूभाग बन्ने तिन तरिका के के हुन् ?

३. सिंह, हात्ती, जेब्रा जस्ता जनावरहरू तिमी कुन समथर भूभागमा पाउन सक्छौ ?

४. तिमीले कुन महादेशमा पाम्पाज भेट्न सक्छौ ? यो प्रख्यात समथलले कुन कुन तिन ओटा देश ढाकेको छ ?

५. पुस्तकमा उल्लेख गरिएका प्रख्यात समथल भूभागमध्ये कुनले सबैभन्दा धेरै जमिनको क्षेत्र ओगटेको छ ?